annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११९ पृष्ठ ८ | काठमाडौं, मंगलबार १० भदौ २०८२ | भाद्र शुक्लपक्ष तृतीया नेपाल संवत् ११४५ | TUESDAY, AUGUST 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कोरियामा नेपाली विद्यार्थीको भविष्य बन्धक


## कन्सल्टेन्सीले फसाएपछि भिसाविहीन भएर श्रम गर्न बाध्य

दक्षिण कोरियामा अध्ययनका लागि आउने नेपाली विद्यार्थीको संख्या बढेसँगै फसाइने घटना पनि वृद्धि भएका छन् । झुक्याएर गलत शिक्षालय र भिसा प्रक्रियामा पुर्‍याइँदा कतिपय विद्यार्थी कागजविहीन भएर श्रम गर्न बाध्य छन् । त्यसैले आउनुभन्दा अगाडि कन्सल्टेन्सी, तिनले दिने कागजात र त्यसको आधिकारिकता राम्ररी परीक्षण गर्नुपर्ने देखिन्छ ।

समाचार पृष्ठ २

**बलराम पुडासैनी** | *दक्षिण कोरिया*

– को रिपोर्ट



## वीरगन्जमा ७१ जनामा हैजा पुष्टि

**अन्नपूर्ण** | *काठमाडौं*

पर्साको वीरगन्जस्थित अस्पतालहरूमा उपचारका लागि आएका झाडापखालाका बिरामीको संकलित नमुनामा गरिएको र्‍यापिड डायग्नोस्टिक टेस्ट (आरडीटी) परीक्षण गर्दा ७१ जनामा हैजा पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार, गत शुक्रबार वीरगन्जस्थित अस्पतालहरूमा उपचारका लागि आएका झाडापखालाका लक्षण देखिएका बिरामीहरूको संकलित नमुनामा गरिएको आरडीटी परीक्षणबाट ७१ जनामा हैजा पुष्टि भएको छ। जानकारी प्राप्त भएको छ।

हैजा रोग पहिचान भएका व्यक्तिहरूको दिसाको नमुना संकलन गरी २२ वटा नमुना प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुरमा कल्चरका लागि पठाइएको छ। १० वटा नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौंमा कल्चर/सेरोटाइपिङ्कोका लागि पठाइएको डा. बुढाथोकीले जानकारी दिए। उनले भने, 'रोगको स्रोत पहिचान गर्न तीनवटा पानीका स्रोतबाट नमुनाहरू संकलन गरी हैजा जीवाणु परीक्षणका लागि प्रयोगशालामा पठाइएको छ।'

वीरगन्ज महानगरपालिका-३, ११, १२, १३ र १६ का १ सय ९४ जना बासिन्दामा झाडापखालाको लक्षण देखा परेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। सोही महानगरका विभिन्न स्वास्थ्य संस्थाहरूमा केही बिरामीको उपचार भई डिस्चार्ज भइसकेका छन् भने केही उपचाररत छन्। डा. बुढाथोकीका अनुसार हाल नारायणी अस्पताल, नेसनल मेडिकल कलेज, आशाराम अस्पताल, एड्भान्स हस्पिटल, वीरगन्ज हेल्थ केयर अस्पताल, नारायणी सेन्ट्रल हस्पिटल, सर्वोत्तम हस्पिटल, स्पर्श मल्टी स्पेशलिटी हस्पिटल, प्रभु हस्पिटल, भवानी हस्पिटल, अली अर्त हस्पिटल, नीलकण्ठ हस्पिटल एन्ड रिसर्च र तराई अस्पताल लगायतका स्वास्थ्य संस्थाहरूमा ९५ जना बिरामी उपचाररत छन्। जसमध्ये २२ जना आईसीयू, ६ जना एचडीसियु र ६७ जना वार्डमा रहेको डा. बुढाथोकीले जानकारी दिए।

डा. बुढाथोकीका अनुसार, हैजा नियन्त्रण तथा उपचारका लागि संघ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय भइरहेको छ। संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा र विश्व स्वास्थ्य संगठन नेपाल सम्मिलित कार्यदलले प्रभावित क्षेत्रमा जिल्ला विपद् व्यवस्थापन समितिसँग उपचार सेवा र रोग नियन्त्रणसम्बन्धी गतिविधि सञ्चालनका लागि समन्वय गरिरहेका छन्।

संवैधानिक इजलासको फैसला

## सजाय भुक्तान गरेपछि थप ६ वर्षसम्म मनाङेले चुनाव लड्न नपाउने

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले ज्यान मार्ने उद्योग मुद्दामा दीपक मनाङे (राजीव गुरुङ) ले ५ वर्ष कैद सजाय पूरा भुक्तान गरिसकेपछि थप ६ वर्षसम्म कुनै पनि चुनावमा उम्मेदवार हुन नपाउने फैसला गरेको छ।

सर्वोच्चको संवैधानिक इजलासले प्रदेशसभा सदस्यका रूपमा मनाङेलाई कानुनत: अयोग्य भएको ठहर गर्दै थप ६ वर्षसम्म कुनै पनि चुनावमा उम्मेदवार हुन नपाउने फैसला गरेको हो। सर्वोच्चले ज्यान मार्ने उद्योग मुद्दामा मनाङेलाई मिति २०८१ कात्तिक २० देखि नै प्रदेशसभा सदस्यका रूपमा कानुनत: अयोग्य देखिएको ठहर गरेको थियो। सर्वोच्चले गत असार ४ गते गण्डकी प्रदेशसभा सदस्यबाट पदमुक्त हुने फैसला गरेको थियो। उक्त फैसलाको पूर्णपाठ सोमबार सार्वजनिक भएको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल र डा. कुमार चुडालको संवैधानिक इजलासले सजाय भुक्तान गरिसके पछि पनि थप ६ वर्षसम्म चुनाव लड्न नपाउने फैसला गरेको हो। 'गुरुङले ज्यान मार्ने उद्योग मुद्दामा ५ वर्ष कैद सजाय पाएको सजाय पूरा भुक्तान गरिसकेपश्चात् थप ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य रहने नै देखियो,' फैसलाको पूर्णपाठमा भनिएको छ, 'संवैधानिक र कानुनी प्रावधानबमोजिम उल्लेखित ज्यान मार्ने उद्योग मुद्दामा सर्वोच्च अदालतको अन्तिम फैसला भएको मिति २०८१ कात्तिक २० देखि नै मनाङे प्रदेशसभा सदस्यका रूपमा कानुनत: अयोग्य भएको देखियो।'



२०७९ मंसिर ४ गते भएको प्रदेशसभा निर्वाचनमा मनाङ जिल्लाको प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं २ बाट स्वतन्त्र उम्मेदवारका रूपमा मनाङे निर्वाचित भएका थिए। अधिवक्ता वीरेन्द्रराज कार्कीले मनाङे उम्मेदवार हुन अयोग्य भएको दाबी गर्दै अयोग्य व्यक्ति निर्वाचित भएको हुँदा पदमुक्तको मागका साथ रिट निवेदन दायर गरेका थिए।

२०६१ वैशाख ३१ गते चक्रे मिलन (मिलन गुरुङ) माथि ज्यान मार्ने उद्योग गरेको अभियोगमा मनाङेविरुद्ध मुद्दा दायर भएको थियो। जिल्ला अदालतबाट भएको फैसला केही उल्टी भई २०६९ साउन २८ मा पाँच वर्ष कैद सजाय ठहर भएको थियो। तत्कालीन पुनरावेदन अदालतको फैसलाउपर उनले २०७५ वैशाख २३ गते सर्वोच्चमा पुनरावेदन दर्ता गराएका थिए। सर्वोच्चले २०८१ कात्तिक २० गते तत्कालीन पुनरावेदन अदालत, पाटनबाट भएको ५ वर्ष कैदलाई नै सदर गरी फैसला गरेको थियो।

सर्वोच्चले कानुनबमोजिम पुनरावेदन गरिएको मुद्दा विचाराधीन रहेकै अवस्थामा मनाङेलाई कैदी सरह मानेर निर्वाचनमा भाग लिने राजनीतिक अधिकारमा संकुचन गर्नु न्याय संगत नहुने निष्कर्ष निकालेको छ। मनाङेले निर्वाचन दर्ता गर्दा र निर्वाचनको मतपरिणाम घोषणा हुँदाका बखत योग्यता नपुगेको भन्न नमिल्ने हुँदा निर्वाचन सुरु भएदेखिको समग्र प्रक्रिया बदर घोषित गरिरहन नपर्ने फैसला गरेको छ।

गुरुङले अझैं २ वर्ष ४ महिना कैद सजाय भुक्तान गर्नुपर्ने भएको छ। त्यसपछि थप ६ वर्ष चुनाव लड्न पाउने छैनन्।

## अस्पतालमा इजरायली आक्रमण, ५ पत्रकारसहित २० को मृत्यु

**गाजा** (एजेन्सी) : गाजाको दक्षिणमा रहेको खान युनिसस्थित नासिर अस्पतालमा भएको इजरायली आक्रमणमा ५ पत्रकारसहित कम्तीमा २० जनाको मृत्यु भएको छ। गाजाको सुरक्षा निकायका प्रवक्ता महमुद बसालले नासिर अस्पतालमा भएको इजरायली आक्रमणमा परी पाँच पत्रकार र नागरिक सुरक्षाका एक सदस्यसहित हालसम्म २० जनाको मृत्यु भएको जानकारी दिएका छन् । इजरायल र हमासबीच करिब दुई वर्षको युद्धमा करिब २ सय पत्रकार मारिएका मिडिया अनुगमनकारी संस्थाले जनाएको छ।

इजरायली सेनाले खान युनिसको नासिर अस्पतालको क्षेत्रमा आफ्नो सेनाले सोमबार आक्रमण गरेको पुष्टि गरेको छ। इजरायली सेना प्रमुखले जतिसक्दो चाँडो प्रारम्भिक छानबिन गर्न निर्देशन दिएका छन्। 'लडाकु समूहसँग संलग्न नभएका व्यक्तिहरूलाई कुनै पनि प्रकारको क्षति पुगेकोमा इजरायली सेना दुःख व्यक्त गर्दछ र इजरायलले पत्रकारहरूलाई लक्षित गर्दैन।' इजरायली सेना प्रमुखले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। नागरिक सुरक्षा निकायका बासलका अनुसार इजरायली विस्फोटक ड्रोनले नासेर अस्पतालको एक भवनलाई निशाना बनाएको थियो। अलजजिराका प्रवक्ताले यो आक्रमण आफ्ना एक फोटो पत्रकार तथा क्यामेराम्यान मोहम्मद सलामाको मृत्यु भएको बताएका छन्।

# अझै सकिएन रोपाइँ, ७० हजार हेक्टरमा बाँकी

- आव २०८१/८२ मा ३९ अर्ब ८१ करोड ७५ लाखको चामल आयात
- वार्षिक ८०.२ प्रतिशतले चामल आयात वृद्धि

**ममता थापा । काठमाडौं**

भदौको पहिलो साता बितिसक्दा पनि धान रोपाइँ सकिएको छैन। अझै ७० हजार १७६ हेक्टर क्षेत्रफलमा धान लगाउन बाँकी छ। यो वर्ष कुल क्षेत्रफल १३ लाख ७६ हजार ४६६ हेक्टर धान लगाउन योग्य मानिएको छ। हालसम्म कुल क्षेत्रफलमध्ये १३ लाख ६ हजार २९३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले जनाएको छ। हालसम्म कुल क्षेत्रफलको ९४ प्रतिशत मात्रै वर्षे धान रोपाइँ भएको छ।

उक्त केन्द्रबाट प्रदेशसँगको समन्वयमा तयार गरिएको तथ्यांकअनुसार यस वर्ष भदौ पहिलो सातासम्म ५.१ प्रतिशत क्षेत्रमा धान रोप्न बाँकी छ। गत वर्षको सोही अवधिमा भने कुल क्षेत्रफलको ९८.५४ प्रतिशत रोपाइँ भइसकेको थियो। गत वर्षको भन्दा यसपटक ४.५४ प्रतिशतले कम धान रोपाइँ भएको छ। सिँचाइको अभावले प्राय: नेपालका किसान आकाशे पानीको भर पर्नुपर्ने स्थितिले समयमा बाली लगाउन नसकेको किसानहरूको गुनासो छ। यो अवस्था बर्सेनि दोहोरिँदै आएको छ।

गत साउन पहिलो साता मधेस प्रदेशमा पानी नपर्दा भएको धानको बेर्ना पनि सुक्ने मात्र होइन खाने पानीको समेत अभाव भएको थियो। यसवर्ष मनसुन छिटो सुरु भए पनि प्रक्षेपण गरे जति पानी समयमा नपरेकाले किसानलाई रोपाइँमा समस्या परेको बाली विज्ञ डा. टीका कार्की बताउँछन्।

**मधेसमा अझै साढे १३ प्रतिशत क्षेत्रमा धान रोपाइँ हुन बाँकी**

मधेसमा बर्खाको मध्य अवधि अर्थात् साउन पहिलो सातामा खडेरीका कारण कुल क्षेत्रफलको आधा पनि रोपाइँ हुन सकेको थिएन। अहिले पनि अन्य प्रदेशको तुलनामा सबैभन्दा कम रोपाइँ भएको प्रदेशमा मधेस पर्छ। भदौ पहिलो सातासम्म मधेसमा कुल ८६.३५ प्रतिशत धान रोपाइँ भएको छ। तर, अझै मधेसको १३.६५ प्रतिशत भू-भागमा धान रोप्न बाँकी छ। गत वर्षको सोही अवधिमा सो प्रदेशको धान लगाउने कुल क्षेत्रफलको ९७ प्रतिशत रोपाइँ भइसकेको थियो। मधेस प्रदेशमा वर्षे धान हुने कुल क्षेत्रफल ३ लाख ७० हजार १४५ हेक्टर छ। यसमध्ये ३ लाख १९ हजार ६२६ हेक्टरमा मात्रै रोपाइँ भएको छ। ५० हजार ५१८ हेक्टरमा धान रोप्न बाँकी छ।

यसबीच प्रदेशगत तुलनामा अहिलेसम्म सबैभन्दा बढी सुदूरपश्चिममा रोपाइँ भएको छ। तर, गत वर्षको यही अवधिमा शतप्रतिशत धान रोपाइँ भएको यो प्रदेशमा यसपटक भने ९९.७२ प्रतिशत रोपाइँ भएको केन्द्रले जानकारी दिएको छ। गत वर्ष सोही अवधिमा शतप्रतिशत रोपाइँ भइसकेको थियो। उक्त प्रदेशमा वर्षे धान हुने कुल क्षेत्रफल १ लाख ७६ हजार १५१ हेक्टर छ। यसमध्ये १ लाख ७५ हजार ६५२ हेक्टरमा रोपाइँ भइसकेको केन्द्रको तथ्यांकमा उल्लेख छ। सुदूरपश्चिम पछिको बढी रोपाइँ कर्णाली र लुम्बिनी प्रदेशमा भएको छ।

» बाँकी पृष्ठ ६

